# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०

## राष्ट्रिय परिचयपत्र प्रासिको लागि थप स्पष्टता सम्बन्धी अत्यन्त जरुरी सूचना

*(प्रकाशित मितिः २०८०/०२/०९)*

जिल्ला प्रशासन कार्यालय सिन्धुलीको समन्वय र मरिण गाउँपालिकाको विशेष पहलकदमीमा राष्ट्रिय परिचय पत्र प्रासिको प्रोजनार्थ मिति २०८०।०१।२४ गते देखि मरिण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट नै राष्ट्रिय परिचय पत्रको प्रि-इन्रोलमेण्ट फारम भर्ने व्यवस्था मिलाईएको सर्वविदितै छ ।

मिति २०८०।०१।२५ गते प्रकाशित सूचना बमोजिम मरिण गाउँपालिकाका सबै वडा कार्यालयहरुबाट राष्ट्रिय परिचयपत्र प्रासिको प्रयोजनार्थ आम नागरिकहरुका प्रि-इन्रोलमेण्ट फारम भरि जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा पठाई विना झन्झट वायोमेट्रिक लिने काम भएको एवं आम नागरिकहरुले सहज ढंगबाट सेवा प्राप्त गरिरहुन भएको अवगत गराईन्छ ।

**नागरिकले सहज एवं सर्वसुलभ तवरले सेवा प्राप्त गरुन भन्ने पवित्र उद्देश्यका साथ गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट निशुल्क फारम भरि सहयोग गरिएको सन्दर्भमा केही निजी कम्प्युटर इन्स्टिच्युट एवं साइबर संचालन गर्ने व्यवसायीहरुले वडा कार्यालयहरुबाट भराईएको फारम मान्य तथा आधिकारिक नहुने भनि भ्रम फैलाई पुनः फारम भर्न लगाई शुल्क असुल गरिएको भन्ने गुनासोको विषयमा गाउँ कार्यपालिका कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।**

तसर्थ वडा कार्यालयहरुबाट भरिएको फारम लिई जिल्ला प्रशासन कार्यालयमा गएको खण्डमा विना झन्झट यथाशीघ्र काम हुने अन्यथा **निजी कम्प्युटर इन्स्टिच्युट एवं साइबरबाट** फारम भर्दा शुल्क लाग्ने तथा त्यहाँबाट भरिएको फारम पेश गर्दा जिल्ला प्रशासन कार्यालयमा फारम रुजु लगायतका अन्य कार्यका लागि लामो लाईन बस्नु पर्ने भएको हुँदा यस्ता कपोकल्पित भ्रममा नपरी अनिवार्य रुपमा वडा कार्यालयहरुबाट नै फारम भरि बायोमेट्रिकका लागि जिल्ला प्रशासन कार्यालय सिन्धुलीको कोठा नं. १०५ मा सिधै सम्पर्क गर्न हुन आम नागरिकहरुमा सूचित गरिन्छ ।

०२।०९

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत